# अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज सर्वोत्कृष्ट पुस्तक पुरस्कारका विजयीहरूको घोषणा २००५

**अनेसास चौधौं वार्षिक अधिवेशन तथा भानुजयन्ती समारोह, जुलाई १७, २००५, वुडब्रिज, भर्जिनिया, अमेरिकाः**

अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजले सन् २००० देखि यता प्रकाशित भएका पुस्तकहरूलाई मूल्याङ्कन गराई उच्चतम अङ्क प्राप्त गर्ने कृतिलाई उत्कृष्ट कृति घोषणा गर्ने गरेको छ । नेपाली भाषा र साहित्यको उत्थानमा टेवा पुर्‍याउने लक्ष्यले स्थापित यो पुरस्कार २००३ मा प्रथमपटक प्रदान गरिएको थियो । हरेक २-२ वर्षमा प्रदान गरिने यो पुरस्कार अब दोस्रोपटक यही २००५ को देवकोटाजयन्तीमा प्रदान गरिँदै छ । अनेसासको पुस्तकमूल्याङ्कन प्रक्रिया कार्यविधि नियमावलीअनुसार ती पुस्तक पुरस्कार विजेताका नामावली यही भानुजयन्तीको सभामा घोषणा गर्नुपर्ने प्रावधान छ । तदनुसार यसपटक पनि अनेसासको पुरस्कारसमितिले पुरस्कार विजेताहरूको  नामावली आजै घोषणा गर्ने निर्णय गरेको छ ।

ती उत्कृष्ट पुस्तक पुरस्कारका विजयी को को हुन् त ? के ती यही छन् वा युरोपमा वा भारत, सिक्किम वा नेपालमा छन् ? जहाँ भए पनि ती प्रभावशाली विद्वान्हरूलाई हाम्रो हार्दिक बधाई । यो आजको सभाले तत्काल पुर्‍याओस् । अँ, ती विजयी कृति र विजेताहरूको नाम भन्नुभन्दा अगाडि यो पुरस्कार कतिवटा छन् र के-कस्ता हुन् अलिकति जानकारी दिन चाहन्छु ।

अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज उत्कृष्ट पुस्तक पुरस्कार आज बहुचर्चित पुरस्कारको रूपमा रहेको छ । यस पुरस्कारभित्र ६ वटा विभिन्न पुरस्कारहरू छन् । तीमध्ये एक-एक गरी संक्षेपमा परिचय दिन उपयुक्त होला ।

पहिलो : **अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज सर्वोत्कृष्ट पुस्तक पुरस्कार** हामीकहाँ दर्ता हुन आएका सबै पुस्तकभन्दा बढी अङ्क प्राप्त गर्ने पुस्तकलाई यो पुरस्कार प्रदान गरिन्छ । यसको नगद ५०,००० ने.रु. छ । यो अनेसासको अक्षयकोषको प्रतिवर्ष आउने ब्याजबाट प्रदान गरिन्छ ।

दोस्रो : **नारी हस्ताक्षरका लागि स्वर्गीय श्री डिल्लीराम तिमसिना स्मृति अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज सर्वोत्कृष्ट पुस्तक पुरस्कार-**

यो डा.डिल्लीराम तिमसिनाको स्मृतिमा डिल्लीराम तिमसिना मेमोरियल फाउन्डेशनको प्रायोजनमा सञ्चालित छ । यो महिलाहरूमध्येका कृतिमा मूल्याङ्कन गर्दा सबभन्दा बढी अङ्क प्राप्त गर्ने महिला साहित्यकारलाई दिइन्छ । यो पुरस्कार नगद २०,००० ने.रु. बराबरको छ ।

तेस्रो : **नव प्रतिभाका लागि स्वर्गीय श्री डिल्लीराम तिमसिना स्मृति अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज सर्वोत्कृष्ट पुस्तक पुरस्कार -**

यो  पनि डिल्लीराम तिमसिनाका स्मृतिमा डिल्लीराम तिमसिना फाउण्डेशनका सुमन तिमसिनाको सौजन्यबाट चलेको छ । यस पुरस्कारको नगद राशी ने.रु. १५,००० बराबरको छ । कुनै पनि लेखकको पहिलोपटक प्रकाशित भएको कृतिमध्ये सबभन्दा बढी अङ्क प्राप्त गर्ने कृतिलाई यो पुरस्कार प्रदान गरिन्छ । नवप्रतिभालाई प्रोत्साहित गर्नु यसको उद्देश्य हो ।

चौथो : **सर्वोत्कृष्ट नेपाली गीती कविताका लागि स्वर्गीय श्री हरिभक्त कटुवाल स्मृति अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज गीति कविता सर्वोत्कृष्ट पुस्तक पुरस्कार-**

यो पुरस्कार प्रवासबाट नेपाली भाषाको सेवा गर्ने गीतकार, कवि हरिभक्त कटुवालको स्मृतिमा राखिएको हो । यो पुरस्कार  प्रणिता तथा आमोद कटुवालको प्रायोजनमा सञ्चालित छ । गीति कविता, लोकसाहित्य र त्यसका इतिहास समेत सबैबाट छानी उच्चतम अङ्क प्राप्त गर्ने कृतिलाई यो पुरस्कार प्रदान गरिन्छ । यसको नगद राशी ने.रु. १५,००० बराबर छ ।

पाचौं : **बालसाहित्यका पुस्तकका लागि अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज शारा बालसाहित्य सर्वोत्कृष्ट पुस्तक पुरस्कार -**

यो पुरस्कार बालसाहित्यको उत्थान र शिशुहरूलाई नेपाली पढाउन प्रोत्साहन दिनको लागि सजना तथा अच्युत श्रेष्ठले आफ्नी सानी छोरी शाराको नाममा स्थापना गरेको हो । यसको नगद राशी ने.रु. १५,००० छ । यो पुरस्कार बालसाहित्यसम्बन्धी पुस्तकहरूमध्ये सबभन्दा बढी अङ्क प्राप्त गर्ने कृति वा त्यसका लेखकले पाउादछन् ।

छैठौं : **धवलागिरि अञ्चलका पुस्तकका लागि अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज रोहिणी शर्मा धवलागिरि सर्वोत्कृष्ट पुस्तक पुरस्कार-**

यो पुरस्कार विदेशमा बसेर पनि आफ्नो अञ्चलका भाषा, साहित्यसेवीहरूलाई प्रोत्साहन दिउँ भन्ने उद्देश्यले स्थापना भएको हो । फेरि धेरैजसो पुरस्कार काठमाडौंकाले जित्ने र काठमाडौंबाहिरका मोफसलका साहित्यकारले प्रोत्साहन नपाउने गरेको देखिएकोले त्यसबाट बचेर मोफसलका साहित्यकारलाई पनि प्रोत्साहित गर्न यो पुरस्कार स्थापना गरिएको हो । हाल यो पुरस्कार धवलागिरि अञ्चलमा मात्र छ तापनि यसको योजना नेपालका चौधै अञ्चलमा १-१ पुरस्कार राख्नु हो । यसका संस्थापक रोहिणी शर्माज्यूको सपना कि म धवलागिरि अञ्चलको भएर जन्मथलोलाई जति माया गर्छु त्यति माया गर्ने हाम्रा धेरै साथी छन् जसको प्रयासले नेपालका कुना-कुनामा हामीले यो पुरस्कार पुर्‍याउन सकिन्छ भन्नु हो । यो पुरस्कार जुन अञ्चलको लागि जुन अञ्चलका मूल निवासीले लेखेर दर्ता गरेको हो त्यही अञ्चलका पुस्तकमध्ये सर्बोत्कृष्ट ठहरिएको पुस्तक वा कृतिले यो पुरस्कार पाउँछ । यो पुरस्कार नगद १०,००० ने.रु. बराबरको छ ।

पुरस्कार के-कस्ता छन्, संक्षिप्त चर्चा गरेपछि अब तपाईंहरू यी पुरस्कारका विजेताको नाम सुन्न जिज्ञासु हुनुहुन्छ होला । म सन् २००३देखि २००४ संमको अवधिमा छापिएका पुस्तकहरुमध्येका यी पुरस्कार विजेता पुस्तक, लेखकको र प्रकाशक अनि देशको नाम पनि एकैसाथ आज १९२ औ भानुजयन्तीको अवसरमा घोषणा गर्दछु ।

| क. सं. | पुस्तकको नाम | लेखकको नाम | विधा | प्रकाशक | देश | |
|---|---|---|---|---|---|---|
| १ | **अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज सर्वोत्कृष्ट पुस्तक पुरस्कार** (नगद ५०,०००।०० नेरु) | | | | | |
| | नयाँ ईश्वरको घोषणा | श्री गोपाल पराजुली | काव्य | अनेसास | नेपाल | |
| २ | **नारी हस्ताक्षरका लागि स्वर्गीय श्री डिल्लीराम तिमसिना स्मृति अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज सर्वोत्कृष्ट पुस्तक पुरस्कार-** (नगद २०,०००।०० नेरु) | | | | | |
| **संयुक्त** | सम्भनाका अनुभूतिहरू | सुश्री कमला सरूप | कथा | अनेसास, वाशिङ्टन डि.सी. | न्यूजर्सी, अमेरिका | |
| | प्रेमको खोजीमा | श्रीमती प्रमिला शर्मा | कथा | अनेसास, कोलोराडो | कोलोराडो, अमेरिका | |
| ३ | **नव प्रतिभाका लागि स्वर्गीय श्री डिल्लीराम तिमसिना स्मृति अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज सर्वोत्कृष्ट पुस्तक पुरस्कार -**(नगद १५,०००।०० नेरु) | | | | | |
| **संयुक्त** | सम्पन्न मुलुक र अन्य कथाहरु | सुश्री बन्या झा | लोककथा | मेडलिन सोसाइटी अफ इन्डिया | सिक्किम, भारत | |
| | प्रश्नको क्याराभान | श्री भरत भारद्वाज | लघुकथा | बसुन्धरामान प्रतिष्ठान | झापा, नेपाल | |
| ४ | **सर्वोत्कृष्ट नेपाली गीती कविताका लागि स्वर्गीय श्री हरिभक्त कटुवाल स्मृति अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज गीति कविता सर्वोत्कृष्ट पुस्तक पुरस्कार-** (नगद १५,०००।०० नेरु) | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | मलाई छुने मन | श्री ज्ञानेन्द्र गदाल | गीति कविता | अनेसास, कोलोराडो | कोलोराडो, अमेरिका | |
| ५ | **बालसाहित्यका पुस्तकका लागि अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज शारा बालसाहित्य सर्वोत्कृष्ट पुस्तक पुरस्कार -** (नगद १५,०००।०० नेरु) | | | | | |
| | आधा देशको राजकुमार | श्री शास्वत पराजुली | बाल उपन्यास | रुम्टुरिड | काठमाडौं, नेपाल | |
| ६ | **धवलागिरि अञ्चलका पुस्तकका लागि अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज रोहिणी शर्मा धवलागिरि सर्वोत्कृष्ट पुस्तक पुरस्कार-**(नगद १०,०००।०० नेरु) | | | | | |
| | समकालीन नेपाली कविताको बिम्बपरक विश्लेषण | श्री लक्ष्मण गौतम | समालोचना | साझा प्रकाशन, काठमाडौं | मूलपानी, धवलागिरि, नेपाल | |

माथि उल्लिखित पुरस्कार विजयीहरूमा दुईवटा कुराहरू विशेष स्मरणीय छन् ।

(१) डिल्लीराम तिमसिना अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज उत्कृष्ट नारी पुस्तक पुरस्कारमा कमला सरूप र प्रमिला शर्माका कृति मूल्याङ्कनमा बराबर आएकाले संयुक्त रूपमा विजयी घोषणा गरिएको छ ।

(२) नवप्रकाशित कृतिमा पनि भरत भारद्वाज र बन्या झाको बराबर मूल्याङ्कनको अङ्क प्राप्त भएकोले संयक्त रूपमा विजयी घोषणा गरिएको छ ।

यी पुरस्कारको लागि यस पटक ४५ शीर्षक दर्ता भएका थिए । अनेसास कृति मूल्याङ्कनका प्राथमिक तहका ३ जना विद्वान् र अन्तिम तहका ३ जना विद्वान्को पृथक् पृथक् मूल्याङ्कन र त्यसको सरदरबाट प्राप्त मापन र मूल्याङ्कन गोप्य प्रकियाबाट यी ८ वटा कृति पुरस्कारको लागि छानिएका हुन् ।

यी अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज उत्कृष्ट पुस्तक पुरस्कारका विजयी विद्वान्हरूलाई बधाई ज्ञापन गर्दै यसका निर्णायक विद्वान्हरू, यी पुरस्कारका प्रायोजकहरू र अनेसासका कर्मठ सहृदयी कार्यकर्ताहरू सबैलाई म अन्तर्राष्ट्रिय साहित्य समाज पुरस्कार समितिको तर्फबाट धन्यवाद ज्ञापन गर्दछु ।

उक्त ६ वटा पुस्तक पुरस्कारबाहेक अनेसासको एक अनलाइन राइटर्स एवार्ड पनि छ । त्यो एवार्डको नाम हो- अनेसास बूढाथोकी अनलाइन राइटर्स एवार्ड र यसका प्रायोजक कमला सरूप र उहाँका भाइ चिरिञ्जिवी बुडाथाकी हुनुहुन्छ । यो एवार्ड नगद १०० डलरको छ । यस एवार्डमा बिभोर बराल विजयी हुनुभएको छ ।

अनेसासका यी पुरस्कारहरुको वितरण आगामी देवकोटा वयन्तीको अवसरमा नोभेम्बर ६ तारिकको दिन जर्जमेशन युनिभर्सिटीमा हुने कुराको जानकारी तपाईलाई गराउदै विजेताहरुलाई पुरस्कार वितरण समारोहमा उपस्थित भैदिनको लागि निमन्त्रणा गर्दै यो २००५को अनेसास उत्कृष्ट पुस्तक पुरस्कारको परिणाम घोषणालाई यही समापन गर्दछु ।

धन्यवाद

होमनाथ सुवेदी
अध्यक्ष
अनेसास पुरस्कार समिति
1727 Horner Road,
Woodbridge, VA 22191
703-491-1014